बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय**
**सिन्धुली**

# अदुवा बालीमा एकीकृत शत्रुजीव व्यवस्थापन विधिः

बाली बिरुवामा लाग्ने रोग वा किरालाई एउटै मात्र विधी अपनाएर दिगो रूपमा रोकथाम गर्न सकिदैन । कृषि पारिस्थितिक प्रणालीमा कुनै पनि नकारात्मक असर नपर्ने गरी, कृषि कर्ममा सुधार ल्याएर, रोग प्रतिरोधी जात प्रयोग गरेर, विषादीको कम तथा बुद्धिमत्तापूर्ण प्रयोग गरेर तथा जैविक विधि अपनाएर बाली बिरुवाका शत्रुजीवहरूलाई व्यवस्थित गर्नु पर्दछ ।
शत्रुजीवको संक्रमणबाट बाली जोगाउन नियन्त्रण गर्ने तरिका भन्दा संक्रमण हुन नदिने उपाय सर्वोत्तम हुन्छ । संक्रमण कम गर्न तलका उपायहरू निश्चित रूपमा अपनाउनु पर्छ ।

## खेती गर्ने तरिकामा ध्यान पुर्‍याउनेः

- स्वस्थ र निरोगी बीउ छनौट गरी गानो उपचार गरेर ड्याङमा अदुवा रोप्ने ।
- जमिनमा पानी निकासको उचित प्रबन्ध मिलाउने ।
- रोगग्रस्त पात, डाँठ र कुहिएका गानाहरू खेतबाट झिकी नष्ट गर्ने
- राम्ररी पाकेको र उपचार गरिएको गोवर/कम्पोस्ट मल मात्र प्रयोग गर्ने ।
- खनजोत गर्दा गानामा चोट पटक लाग्न नदिने ।
- ब्रुनी (माउ) निकाले पछि माटो उपचार सहित तुरुन्त उकेरा दिने ।
- बाक्लो गरी छापो राख्ने ।

## जैविक तरिकाः

- ट्राइकोडर्माबाट बीउ उपचार एवं माटो उपचार गर्न सकिन्छ ।
- खुम्रे, रातो कमिला, धमिरा जस्ता माटो मुनी बस्ने किराहरूबाट आक्रमण भै रहने जग्गामा अदुवा रोप्नु भन्दा अगाडि यी किराहरूका परजीवी ढुसी (मेटाराइजियम) मिसाइएको (fortified) गोवरमल प्रयोग गर्ने ।
- अदुवा रोपे पछि यी किराहरूको प्रकोप बढन थालेमा मेटाराइजियम ५ ग्राम प्रति लिटर पानीको दरले बनाइएको घोल प्रति रोपनी २५० लिटरको दरले माटो भिजाउन (drenching) सकिन्छ ।

## रासायनिक विषादीको प्रयोगः

बीउ उत्पादनका लागि अदुवा खेती गरिएको भएमा किरा तथा रोग व्यवस्थापन गर्न रासायनिक विषादीहरू प्रयोग गर्न सकिन्छ ।
- उम्रेको १ महिना भित्रै २–४ वटा बोटहरू गाना कुहिने रोगबाट संक्रमित भएका छन् भने (मेटालक्सिल ८% + म्यानकोजेब ६४%) विषादी १ ग्राम अथवा अन्य विषादीहरू (कार्बेन्डाजिम १२% + म्यानकोजेब ६३%) २ ग्राम विषादी प्रति लिटर पानीका दरले तयार परिएको घोलले जरा सम्म भिज्ने गरी ड्रेन्चिङ गर्ने ।
- असोज महिना तिर गाना कुहिने रोगको लक्षण फाटफुट देखा पर्यो भने जे जति फलेको छ खनेर बेच्नु नै उपयुक्त हुन्छ । यस अवस्थामा विषादी प्रयोग गरेमा कृषकलाई आर्थिक लाभ कम हुने साथै उपभोक्ताको स्वास्थ्य एवं वातावरणलाई समेत नकारात्मक असर पार्दछ । तसर्थ, यो अवस्थामा विषादी प्रयोग गर्न उचित हुँदैन ।
- प्रति गाँज औसत एउटा सरामा गवारो लागेको छ भने रोगर (डाईमेथोएट ३०% ई.सी.) वा (क्लोरोपाइरिफस ५०%+ साइपरमेथ्रिन ५%) विषादीको घोल (१मिलि/लि.पानी) १५ दिनको अन्तरमा २ पटक छर्दा रोकथाम गर्न सकिन्छ ।
- खुम्रे, रातो कमिला, धमिरा किराहरूबाट आक्रमण भै रहने जग्गामा अदुवा रोप्नु अघि क्लोरान्ट्रानिलिप्रोल ०.४ जी.आर. (जस्तै फर्टेरा) दानेदार विषादी ७५० ग्राम/रोपनी का दरले माटोको उपचार गरी अदुवा रोप्ने ।

संकलन तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली